आज २०८१ साल आषाढ २६ गतेका दिन यस पाँचपोखरी थाङ्पाल गाउँपालिकाको आ.व. २०८०/०८१ को १५ औं गाउँसभाको दोस्रो बैठक गाउँपालिकाका अध्यक्ष अध्यक्ष श्री टासी लामाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा संचालन गरियो ।

उपस्थिति :

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री आलोक कुमार स्याङ्वो | वडाध्यक्ष | |
| ४ | श्री कल्पना पण्डित | कार्यपालिका सदस्य | |
| ५ | श्री रिममाया विश्वकर्मा | दलित महिला सदस्य | |
| ६ | श्री रमेश दोङ | सदस्य | |
| ७ | श्री जयनारायण श्रेष्ठ | सदस्य | |
| ८ | श्री बाबुलाल स्याङवो | वडाध्यक्ष | |
| ९ | श्री पेमा वाईवा तामाङ | महिला सदस्य | |
| १० | श्री टासि शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री नरे स्याङवो | सदस्य | |
| १२ | श्री सुन बहादुर साम्देन तामाङ | सदस्य | |
| १३ | श्री डिमा छिरिङ तामाङ | वडाध्यक्ष | |
| १४ | श्री रिता तामाङ | कार्यपालिका सदस्य | रिता |
| १५ | श्री शर्मिला विक | दलित महिला सदस्य | |
| १६ | श्री सुन छिरिङ तामाङ | सदस्य | |
| १७ | श्री तेम्बा ग्याल्वो तामाङ | सदस्य | |
| १८ | श्री कुल बहादुर बस्नेत | वडाध्यक्ष | |
| १९ | श्री आङ्ग माया तामाङ्नी | महिला सदस्य | |
| २० | श्री सन्तोषी पुडासैनी | दलित महिला सदस्य | |
| २१ | श्री लक्ष्मि तामाङ | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| २२ | श्री जगदिश श्रेष्ठ | सदस्य | |
| २३ | श्री काले गोले | वडाध्यक्ष | |
| २४ | श्री लक्ष्मि तामाङ | महिला सदस्य | |
| २५ | श्री उजेली कमिनी | दलित महिला सदस्य | |
| २६ | श्री सानुकान्छा तामाङ | सदस्य | |
| २७ | श्री विकास तामाङ | सदस्य | |
| २८ | श्री नारायण भट्टराई | वडाध्यक्ष | |
| २९ | श्री लक्ष्मि तामाङ | कार्यपालिका सदस्य | |
| ३० | श्री बुद्दकुमारी विक | दलित महिला सदस्य | |
| ३१ | श्री गोपाल ज्योती | सदस्य | |
| ३२ | श्री दिनेश देउजा | सदस्य | |
| ३३ | श्री सुके तामाङ | वडाध्यक्ष | |
| ३४ | श्री गोरोमाया तामाङ | महिला सदस्य | |
| ३५ | श्री वुद्दमाया सार्की | दलित महिला सदस्य | |
| ३६ | श्री देवराज गुरुङ | सदस्य | |
| ३७ | श्री विमला विक | कार्यपालिका सदस्य | |
| ३८ | श्री सुर्यवहादुर श्रेष्ठ | सदस्य | |
| ३९ | श्री विष्णु वहादुर खड्का | वडाध्यक्ष | |
| ४० | श्री नेत्रकुमारी थापा कार्की | महिला सदस्य | |
| ४१ | श्री अप्सरा परियार | दलित महिला सदस्य | |
| ४२ | श्री अनिल गुरुङ | सदस्य | |
| ४३ | श्री जितवहादुर तामाङ | सदस्य | |
| ४४ | श्री लक्ष्मण कुईकेल | सचिव | |

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. २**
गाउकार्यपालिकाबाट स्वीकृत भई पेश हुन आएका देहाय बमोजिम [illegible] सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।
क। आर्थिक विधेयक २०८१
ख। विनियोजन विधेयक २०८१

**निर्णय नं. ३**
आ.व. २०८१/०८२ का लागि प्रस्तावित बजेट रु. ६,१८३,,१९८,३३- र योजना तथा कार्यक्रमहरु सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
आ.व. २०८०/०८१ मा भएको आय रु ६०,०३,८९,०००।- र व्यय रु. ४८,६६,३२,१६५।- लाई सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**
आ.व. २०८०/०८१ मा गाउ कार्यपालिका, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, विभिन्न विषयगत समिति र कानून बमोजिम गठित समितिबाट भएका निर्णय तथा निर्देशनहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**
गाउ कार्यपालिकाको बैठकबाट र वडा समितिबाट रकमान्तर र संशोधन गरी भएका एकमुष्ट बजेट तथा योजनाहरु विनियोजन भई कार्यन्वयन भएकोमा उक्त कार्यलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**
गाउपालिका भित्र सचालन रहेका योजनाहरुको न्युनतम ३ तीन प्रतिशत मात्र कन्टिजेन्सि कट्टा गर्ने र संघ प्रदेशका आयोजनाहरुको संम्बन्धित निकायको कानुन बमोजिम कट्टा गरिने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. ८**
मेलमिलाप केन्द्रमा गाउँपालिकाबाट सूचिकृत भएका मेलमिलापकर्ताहरुलाई प्रोत्साहित गर्न प्रति विवाद् फछ्यौट भए पश्चात रु ५०० का दरले ३ जनालाई यातायत खर्च उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. ९**
यस गाउँसभाबाट विनियोजित कार्यक्रम बाहेक संघ, प्रदेश, जि.स.स तथा अन्य संघ सस्थासंग साझेदारी कार्यक्रमहरुको लागि गाउकार्यपालिकाले योजना तथा कार्यक्रम छनौट गरी संचालन गर्न गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
यस गाउँपालिका अन्तर्गतका सबै राष्ट्र सेवक कर्मचारी र जनप्रतिनिधीले वर्षभरीमा २ दिन अनिवार्य रुपमा सार्वजनिक कार्यमा श्रमदान गर्नु पर्ने र त्यस्तो श्रमदान पहिलो ६ महिनाभित्र १ दिन र त्यसपछी १ दिन गरिसक्नु पर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. ११**
यस गाउँपालिकामा वडा ६ निपनीमा रहेको पाचपोखरी प्राथमिक अस्पताल, वडा न. १ बासखर्कमा रहेको जतन सामुदायिक स्वास्थ्य ईकाई, वडा नं ६ थाङपाल धापमा सञ्चालित धाप सामुदायिक स्वास्थ्य एकाइ , वडा न. ८ मा रहेको नौलिङगेश्वरी सामुदायिक स्वास्थ्य एकाइ वडा नं. २ मा रहेको बोल्गाउ सामुदायिक स्वास्थ्य एकाइलाई सूचिकृत गरी आवश्यक बजेट कार्यक्रम र जनशक्तीको व्यवस्थापन गरीदिनु हुन प्रदेश सरकार सामाजिक विकास मन्त्रालयल र संघीय सरकारको सम्बन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. १२**
सवारी सुविधा सम्बन्धमा पालिका अध्यक्ष १ वटा टोयोटा हाईलक्स र उपाध्यक्षलाई १ वटा बलेरो गाडीका लागि आवश्यक्ता अनुसार इन्धन र मर्मत खर्च उपलब्ध गराउने तथा सो खर्च सवारी लगबुक अध्यक्षज्यु र उपाध्यक्षज्युबाट प्रमाणित गरी



CS CamScanner

## ३१. प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)

### आर्थिक वर्ष (२०८०/०८१)

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | रकम |
|---|---|---|
| १ | ८४ फिटको ठुलो ढुङ्गामा बुद्ध पार्क सहित बुद्ध मूर्ति निर्माण, पा था गा पा ७ | ४०,००,००० |
| २ | अपाङ्गताभएको व्यक्तीहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ३,००,००० |
| ३ | अर्गानिक उत्पादन प्रोत्साहन विषादि निरुत्साहन तथा अर्गानिक खाद्यवस्तु उत्पादन गर्ने कृषि समूहलाई प्रोत्साहन वडा नं ३ | ६,५०,००० |
| ४ | आफ्नो सीप आफ्नै रोजगारि-बीउ पुँजी (सहुलियत ऋण) वडा नं ३ | ९,००,००० |
| ५ | उज्यालो वडा अभियान-विद्युत तथा वैकल्पिक उर्जा उपयोग प्रवर्द्धन वडा नं ३ | १३,५०,००० |
| ६ | एक घर एक धारा कार्यक्रम- हरेक घरमा एक एक वटा धारा निर्माण तथा एक धारामा एक मिटर सहित आवश्यक व्यवस्थापन वडा नं ३ | ३१,५०,००० |
| ७ | एक विद्यालय एक नर्स कार्यक्रम विद्यालय नर्सको पारिश्रमिक लगाएत | १६,६८,००० |
| ८ | किसान सूचिकरण कार्यक्रम | १,००,००० |
| ९ | घरेलु तथा साना उद्यम प्रवर्द्धन-हाम्रो वडा हाम्रो ब्राण्ड वडा नं | ४,५०,००० |
| १० | जनस्वास्थ्य बिमा कार्यक्रम - गरिब तथा बिपन्न नागरिकहरुको बीमा अनुदान वडा नं ३ | ४,५०,००० |
| ११ | तिपेनी नागेश्वरीखोला मोटरबाटो पाँचपोखरी थाङपाल-८ | २५,००,००० |
| १२ | प्राविधिक शिक्षा सहायता कार्यक्रम- बिपन्न,दलित,अल्पसंख्यक लागि निशुल्क प्राविधिक विषय अध्यापन गराउने वडा नं ३ | ६,५०,००० |
| १३ | पाँचपोखरी थाङपाल प्राथमिक अस्पताल,पाँचपोखरी थाङपाल ७,तिपेनी (एक प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम) | २०,००,००० |
| १४ | बुलबुले खानेपानि योजना- पा था गा पा-६ | २७,५०,००० |
| १५ | बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम | ४,८०,००० |
| १६ | बालविवाह अन्त्यको लागि समुदाय परिचालन कार्यक्रम | १,५०,००० |
| १७ | माइला सामुदायिक भवन पाँचपोखरी -४ सिन्धुपाल्चोक | २५,००,००० |
| १८ | माध्यमिक तहमा शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयमा अंग्रेजी/गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | २२,३२,००० |
| १९ | याङ्ग्री स्वास्थ्य चौकी भवन निर्माण/स्तरोन्नतीकरण,पा था गा पा वडा नं २ | १०,००,००० |
| २० | वडा स्वच्छता अभियान -व्यवस्थित तथा वैज्ञानिक फोहोरमैला तथा प्रशोधन वडा नं ३ | ४,५०,००० |
| २१ | व्यवसायिक शिक्षा प्रवर्द्धन कार्यक्रम-पढ्दै कमाउँदै प्रोत्साहन कार्यक्रम वडा नं ३ | ४,५०,००० |
| २२ | स्थानीय न्यायीक सहजकर्ता कार्यक्रम (पारिश्रमिक तथा पोशाक खर्च) | २,३८,००० |
| २३ | संरक्षित संरचनामा तरकारी खेति प्रवर्द्धन कार्यक्रम वडा नं-८ | १०,००,००० |
| २४ | सबै शिक्षा अभियान-गरिब तथा बिपन्न छात्रवृत्ति झोला,डेरी तथा शिक्षा बचत अनुदान वडा नं ३ | ४,५०,००० |
| २५ | सिउँन्ली सिँचाइ योजना डिपिआरसम्पन्न भएको, पा था गा पा-८ | २७,५०,००० |
| २६ | सिमखेत न्यौपाने टोल,गोलेटोल,जाने सडक स्तरोन्नती पाँचपोखरी ६,सिन्धुपाल्चोक | २५,००,००० |
| २७ | हरित वडा अभियान- व्यवस्थित तथा वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन वडा नं ३ | ४,५०,००० |
| | जम्मा | ३,६२,४८,००० |

## गाउँसभाका निर्णयहरु

**निर्णय नं. १**

यस गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि पेश हुन आएका नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

मर्मत र पाउने ... बना सम्बन्धमा फाकन पत्नबाट सिफारिस
सिफारीस भए बमोजिम तथा र वडा सम्बन्धमा ... बमोजिम हुने गर भुक्तानी गर्ने गरी सर्वसम्मत निर्णय
एवं **प्रमाणित** भई आएपछी मात्र भुक्तानी हुन र ...
गरियो ।

क. वडा अध्यक्षज्यूहरुलाई प्रदेश कानून बमोजिम यातायात खर्च उपलब्ध गराउन र इन्धन वापत दिइदै आएको सुविधा उपलब्ध
नगराउने निर्णय गरियो । साथै वार्षिक रुपमा सवारी साधन मर्मत खर्च र ३० हजारसम्म उपलब्ध गराउन निर्णय गरियो ।
ख. गाउपालिका पूर्वाधार तथा प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुलाई मासिक २० लि. इन्धन र वार्षिक २० हजार मर्मत
खर्च र वडामा कार्यरत प्राविधिकको हकमा २ वडा हेरमा मासिक २० लि. पेट्रोल र १५ हजार वार्षिक सवारी मर्मत १ वडा
मात्र हेरमा मासिक १५ लि. पेट्रोल र १५ हजार वार्षिक मर्मत खर्च वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउने ।
ग. गाउपालिका कार्यालय तथा वडा कार्यालयमा कार्यरत रही सरकारी सवारी साधन तथा निजि कार्यालयको कामकाजको
प्रयोजनका लागि प्रयोग गर्ने कर्मचारीको हकमा मासिक १० लिटर इन्धन र वार्षिक १० हजार मर्मत खर्च पाउने छन् तर
कार्यक्रम सञ्चालन गर्ने शाखाहरुको हकमा भने कार्यक्रम खर्चबाट आवश्यक इन्धन मर्मत प्रयोग गर्न पाउने छन् यो खर्च
खानाखाजा विविध खर्चबाट भुक्तानी गरिने छ। यसमा तोकिएको सीमा बमोजिमको बाहेक मर्मत तथा इन्धन खर्च भुक्तानी
गरिने छैन
घ. विशिष्ट व्यक्ति, प्रहरी, पत्रकार लगाएत अन्य व्यक्ति तथा निकायबाट औचित्य पुष्टि सहित माग भई आएमा एक पटकमा
चार पाङ्ग्रे सवारी साधनको हकमा बढीमा २० लि. र दुई पाङ्ग्रे सवारी साधनको हकमा बढीमा १० लि. कार्यालय प्रमुखले
इन्धन खर्च उपलब्ध गराउन सक्ने छ ।
ङ. कुनै कारण सवारी साधनको ठुला पार्टस पूर्जा फेर्नु पर्ने भएमा कोटेशन पेश गर्ने र स्वीकृती भए पश्चात कार्यालयको मर्मत
आदेश लिएर मात्र फेर्नु पर्ने छ ।

**निर्णय नं. १३**

यस गाउपालिकामा रहेका स्वास्थ्य चौकीमा प्रसुती हुने महिलाको लागि खाना खर्च रु ५०० र रु ५०० बराबरको सरसफाइ
किट उपलब्ध गराउने र स्वास्थ्य संस्थामा प्रसुती हुन नसकि अन्य अस्पतालमा रिफर गर्नुपर्ने भएमा यातायात खर्च वापत रु
५००० उपलब्ध गराउने र गाउपालिकाको एम्बुलेन्स प्रयोग भएको अवस्थामा यातायात खर्च वापतको रु ५००० उपलब्ध
नगराउने निर्णय गरियो । गाउपालिकाको एम्बुलेन्स सेवा प्रदान गर्दा गाउपालिका भित्रको स्वास्थ्य संस्थामा उपलब्ध भएसम्म
दुई तर्फी र गाउपालिका बाहिर रेफर गर्दा एकतर्फी मात्र भाडा व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस पालिकाको गौरवको आयोजनाको रुपमा रहेका तपसिल बमोजिमका सडकहरुलाइ स्तरोन्नती तथा कालोपत्रको लागि संघीय
तथा प्रदेश सरकारसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. दाङचेत केउरेनी देखी , बाँसखर्क, बरुवा, याङग्री (आमा याङग्री पर्यटन मार्ग )
२. मेलम्ची, तिपेनी, गाइंपाइंले, धाप, कोट भोताङ (पाचपोखरी पर्यटन मार्ग)
३. गाइंपाइंले, गुन्सा पालिका सडक
४. भोताङ, गुन्सा, लेखर्क, नाम्लाङ, गोत्रे हुदै चौतारा (पाचपोखरी चक्रपथ मार्ग )
५. जतन चिन्डे सडक वडा नं १
६. तिपेनी भोटेनाम्लाङ सडक वडा नं ७
७. खाल्डे ओखेंनी सडक वडा नं ८
८. तोन्जन चोक देखी नागी थामडाडा सडक वडा नं ४
९. याङग्री सुनचौर थाङदाङ गाङखर्क लहखाङ (आमायाङग्री) सडक
१०. चिन्डे मन्दीगाउं हुदै १ नं. वडा कार्यालय सडक
११. तिपेनी कोटगाउं ८ नं. वडा कार्यालय सडक
१२. थाङपाल संग्रहालय वडा नं ५
१३. नलकोट च्यो-च्योडाडा पदमार्ग वडा नं ५
१४ आमायाङग्री क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्य
१५ पाचपोखरी क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्य वडा नं ३
१६ रैथानेश्वरी ताल संरक्षण, वडा नं ४
१७ नौलिङ्गेश्वरी मन्दिर र वेत्रावती मन्दिर संरक्षण वडा नं ८
१८ थामडाडा चारधाम निर्माण वडा नं ६

**निर्णय नं. १५**
आ.व. २०८० ०८१ मा सम्झौता भई हाल कार्य संचालनमा रहेका तर भुक्तानी गर्न बाँकी रहने अनुसूचीमा उल्लेख भएका योजनाहरूलाई आ.व. ०८१ ०८२ मा भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १६**
आ.व. २०८० ०८१ मा संघिय सरकार प्रदेश सरकार जिल्ला समन्वय समितिको सगको साझेदारी र गाउँपालिकालाई प्राप्त समपुरक, विशेष अनुदान अन्तर्गत सञ्चालन भएका र गाउँपालिकाको लागि प्राप्त बजेटबाट सञ्चालन भएका देहाय बमोजिमका योजनाहरु बहुवर्षीय क्रमागत योजनाको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।
क) दुलोढुङ्गा पर्यटन पूर्वाधार (८४ फिट बुद्धको मूर्ति निर्माण) वडा नं. ७
ख) जतन ज्युबाथान पर्यटन पदमार्ग वडा नं. १
घ) पेमाछुल उद्यान केन्द्र वडा नं. ४

**निर्णय नं. १७**
न्यायिक समितिबाट पेश हुन आएको अनुसूचीमा उल्लेख भएका मेलमिलापकर्ताहरु आ.व. २०८० ०८१ का लागि अनुमोदन गर्ने निर्णय गरियो । साथै आ.व. २०८० ०८१ न्यायिक समितिको वार्षिक प्रतिवेदन समेत अनुमोदन गरियो ।

**निर्णय नं. १८**
आ.व. २०८१ ०८२ को लागि गाउँपालिकास्तरीय र वडास्तरीय योजनाहरुको लागि अनुगमन गर्न देहाय बमोजिमका अनुगमन समिति रहने निर्णय गरियो । गाउँपालिकाबाट भुक्तानी हुने प्रधानमन्त्री रोजगार लगायत भौतिक निमार्णसग सम्बन्धीत सबै योजना आयोजनाहरुको अनुगमन गर्न गाउँपालिकास्तरीय अनुगमन समितिबाट गर्ने र वडागत बजेट सिलिङबाट सञ्चालन हुने योजना वडास्तरीय योजना अनुगमन समितिबाट अनुगमन गर्ने निर्णय गरियो । साथै वडास्तरीय अनुगमन समितिलाई वर्षभरीमा १२ बटामा नबढ्ने गरी प्रती बैठक प्रति सदस्य रु. १००० का दरले अनुगमन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल
गाउँपालिकास्तरीय योजना अनुगमन समिति
गाउँपालिकाका उपाध्यक्ष - संयोजक
कार्यपालिका सदस्य २ जना - सदस्य
प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य
योजना शाखा प्रमुख - सदस्य सचिव
विज्ञ (प्राविधिक) - आमन्त्रीत सदस्य
यस समितिले योजना अनुगमन गर्न जादा सो वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यलाई अनिवार्य रुपमा अनुगमनमा आमन्त्रण गर्नु पर्नेछ ।

**वडा स्तरीय योजना अनुगमन समिति**
वडाध्यक्ष - संयोजक
वडा सदस्यहरु - सदस्य
वडा सचिव - सदस्य सचिव
वडाको प्राविधिक- आमन्त्रीत सदस्य

**निर्णय नं १९**
आगामी आ.व. २०८१ ०८२ को लागि अनुगमन समितिलाई अनुगमन गर्ने योजनाको सीमा तपसिल बमोजिम हुने गरी योजनाको सीमा निर्धारण गरियो ।
क) वडा स्तरीय अनुगमन समितिको हकमा : वडाले पाएको बजेटको अख्तियारी बमोजिम विनियोजन गरेको योजनाहरु सबै, गाउँपालिकाले विनियोजन गरेको पाचलाख सम्मका योजनाहरु सबै तथा अन्य जुन सुकै निकायबाट प्राप्त रु. पाचलाख सम्मका सबै योजनाहरु वडाले अनुगमन गर्नेछ तर आवस्यकताका आधारमा पालिकाले पनि गर्न सक्नेछ ।

**निर्णय नं. २०**

गाउपालिका कार्यालय र वडा कार्यालयहरु गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरुको लागि गाउँकार्यपालिकाले स्वीकृत गरेको O and M सर्वे बमोजिम दरबन्दी कायम गरी प्रदेश निजामती कितावखानामा स्वीकृतका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०८१/०८२ का लागि वडाबाट छनौट भई सिफारिस भएका आयोजनाहरु मध्येबाट गाउँकार्यपालिकाले निर्णय गरी प्राथमिकता र आवश्यकताको आधारमा योजना बैंक बनाई सोही आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

संघ, प्रदेश,जि.स.स. तथा अन्य संघ संस्था साझेदारी तथा सहकार्यमा सञ्चालन गर्ने गरी योजना तथा कार्यक्रम माग भई आएमा अनुसूचीमा उल्लेख भएका योजना तथा कार्यकम बाट छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २३**

सार्वजनिक सडक तथा सार्वजनिक निर्माणमा परेका निजि जग्गाहरुको लगत कट्टा गर्न वडाको सिफारिसको आधारमा सम्बन्धित निकायलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २४**

चालु आ.व.२०८०/०८१ मा यस पालिकाले गरेको सबै किसिमका कर्मचारी नियुक्ति र पदाधिकारीहरुको मनोनयन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

तत्काल गर्नु पर्ने प्रकोप, विपत र आपतकालीन अवस्थाको जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनको लागि कुनै मेसिनरी औजार, मानिस वा अन्य यस्तै कुनै प्रकारको स्रोत साधनको प्रयोग गर्दा खर्च पर्न जाने अवस्थाको सुनिश्चितता गरी छिटो र सहज किसिमबाट उक्त अवस्थाको व्यवस्थापन गर्न कार्यालयले आवश्यक निर्णय लिन सक्ने निर्णय गरियो । यसरी गरेको कार्य त्यस पछि तुरुन्तै बस्ने विपद् व्यवस्थापन समितिको बैठक राखी सो विवरण कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ ।

**निर्णय नं. २६**

यस सभाले गरेका निर्णयहरु बाहेक सभा नबसेको वा तत्काल बस्न नसक्ने अवस्थामा सभाले गर्ने निर्णयहरु कार्यपालिकाले गर्न सक्ने र पछि त्यसलाई सभाले अनुमोदन गर्ने गरी कार्यापालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

सडक निर्माण गर्दा तयार गर्ने पूर्वबत लागत स्टमेटमा अनिवार्य रुपमा नाला व्यवस्थापन, ग्राभेल र सोलिङको व्यवस्था गरी सडक जोखिम कम गर्ने, सडकको दिगोपनलाई सुनिश्चित गर्न गाउँपालिकाको सडक गुरुयोजना समेतलाई अनुसरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

यस गाउँपालिका भित्रका सडकहरुमा वस्तुभाउलाई छाडा छोड्न पाइने छैन । यदी वस्तुभाउ सडकहरुमा छाडा छोडी दुर्घटना भई वस्तुभाउको मृत्यु भएमा सो वापत कुनै किसिमको क्षती पूर्ती माग गर्न नपाउने र त्यसरी छाडा छोडेको चौपायाबाट अन्य व्यक्तिलाई कुनै पनि हानी नोक्सानी भएमा वा बालीनालीमा हानी नोक्सानी पुऱ्याएमा चौपाया धनिले त्यसको लागि उचित क्षतिपूर्ति दिनुपर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

गाउँपालिका संघ, प्रदेश र अन्य निकायबाट विनियोजन भएका रु ३ लाख भन्दा माथीका सबै योजना तथा आयोजनाहरुको विवरण खुल्ने गरी होर्डिङ बोर्ड अनिवार्य राख्नु पर्नेछ । यदी होर्डिङ बोर्ड नराखेको पाइएमा भुक्तानीको लागि गाउँपालिका बाध्यकारी नहुने निर्णय गरियो । साथै आयोजना निर्माण गर्दा सके सम्म रोजगारमा सूचिकृत कामदारलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । उक्त सबै कामदारको ज्याला अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी गरिने निर्णय गरियो ।

**निर्णय नं. ३०**

गाउँपालिकाका विभिन्न विद्यालयमा अध्ययनरत [illegible] प्रत्येक [illegible] विद्यालयबाट कक्षा आठ, एस ई ई र ११ र १२ मा मा उत्कृष्ट अंक ल्याउने एक जना छात्र र एक जना [illegible] सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

यस पालिका र पालिका मातहतका सरकारी निकायलाई निशुल्क जग्गा दान गर्ने जग्गा दाताहरुको विवरण र फोटो सम्बन्धित निकायमा अनिवार्य रुपमा राख्न लगाउने र यस पालिका भित्र आम नागरिकलाई सेवा प्रवाह गर्ने उद्देश्यका साथ स्थापना भएका कुनै संघ संस्थालाई पनि निशुल्क जग्गा दान गर्ने जग्गादाताहरुको फोटो सहितको विवरण सो संस्थामा सबैले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्ने छ ।

निर्णय नं ३२

आ.व. २०८१ ०८२ का लागि गाउपालिका कार्यालय, वडा कार्यालय, पशुसेवा, कृषि सेवा, स्वास्थ्य सेवा, सामुदायिक स्वास्थ्य इकाईहरु, खाल्डे सूचना केन्द्र, पाँचपोखरी प्राथमिक अस्पतालका प्रशासन तथा प्राविधिक तर्फका सबै कर्मचारी लगायत गाउपालिकाबाट गत आ.व.मा करार सेवामा रही तलब सुविधा खाई रहेका कर्मचारीहरुको २०८१ श्रावण १ गते देखी पुस मसान्तसम्म ६ महिनाका लागि करार म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ३३

गत आ.व. मा बजेट अपुग भई भुक्तानी हुन बाँकी रहेका अनुसूचीमा उल्लेख भएका योजना कार्यक्रमको नियमानुसार क्रमागतको रुपमा रहेका योजनाहरुलाई भुक्तानी दिने ।

निर्णय नं ३४

आ.व. ०८० ०८१ को सिन्धुपाल्चोक जिल्लाले जारी गरेको दररेटलाई स्थानीय दररेटमा कायम गराउनका लागि कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३५

आ.व. २०८१ ०८२ मा वडा तर्फको लागि विनियोजित वडागत चालु खर्च प्रशासनिक खर्चको लागि वडामा भएका र गरिएको खर्चहरुको बिल भर्पाई वडाध्यक्ष र वडा सचिवबाट प्रमाणित भए पश्चात मात्र कार्यालयले भुक्तानी दिने र वडाले गर्ने प्रशासनिक खर्चको लागि प्रचलित कानुनको अधिनमा रही कार्यालयले लिखित दिइएको नर्म्स, बजेट सिलिङ र मापदण्डको आधारमा गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. ३६

पाँचपोखरी थाङपाल गाउँपालिकालाई वातावरणमैत्री बनाउन सबै राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधीहरुले अनिवार्य रुपमा आफ्नो जन्मदिनको सन्दर्भमा स्वास्थ्य कार्यालयहरु, वडा कार्यालय, विद्यालय, गाउँपालिका तथा अन्य सरकारी कार्यालयहरुमा वृक्षारोपण कार्य गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ३७

यस पालिकाका नागरिकको स्वास्थ्य सम्बन्धी सेवामा सञ्चालित सबै स्वास्थ्य संस्था । पाँचपोखरी प्राथमिक अस्पताल, वडामा रहेका सबै स्वास्थ्य चौकीहरु, सामुदायिक स्वास्थ्य इंकाइहरु । मा कार्यरत कर्मचारीहरु र सोही सेवामा सन्चालनमा रहेका एम्बुलेन्स चालकहरुको तलव भत्ता संघीय तथा प्रदेश सरकारबाट स्वास्थ्य क्षेत्रमा प्राप्त अनुदानबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३८

यस पालिका भित्र रहेका सबै सरकारी तथा सार्वजनिक जग्गाको खोजी, अध्ययन तथा प्रतिवेदन निर्माणको लागि एक कार्यदल गठन गर्न कार्यपालिका निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३९

आ.व. २०८० ०८१ मा गाउ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकबाट भएका निर्णयहरु अनुसार रकमान्तर गरी भएका खर्चहरु, अध्यक्ष उपाध्यक्षबाट निर्णय भई सचालन भएका अध्यक्षसंग जनता कार्यक्रम तथा उपाध्यक्षसंग समृद्धी कार्यक्रम सम्बन्धी सम्पूर्ण योजना र अन्य योजना तथा कार्यक्रमलाई समर्थन र अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४०

लक्ष्मण कडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं आ व २०८१ ०८२ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा एकमुष्ट विनियोजन भएका अबण्डा रकम खर्च गर्दा देहाय बमोजिम निर्णय हुने गरी अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) विपद् व्यवस्थापन एवं प्रकोप व्यवस्थापन कोषमा रहेको रकम खर्च गर्दा विपद् व्यवस्थापन समितीको निर्णय वा गाउँपालिका अध्यक्षज्यूको तोक आदेश (विपद् समिती बैठकबाट अनुमोदन गर्ने गरी) बमोजिम आवश्यकताका आधारमा खर्च गर्ने।

ख) अध्यक्षसंग जनता कार्यक्रम र उपाध्यक्ष समृद्धि कार्यक्रममा विनियोजन भएको रकम खर्च गर्दा उपाध्यक्षज्यूको उपाध्यक्ष समृद्धि कार्यक्रमको हकमा उपाध्यक्षज्युको सचिवालयको लिखित पत्र, अध्यक्षज्यको अध्यक्षसंग जनता कार्यक्रमको हकमा अध्यक्षज्युको सचिवालयको लिखित पत्र समेतको आधारमा गाउँपालिका अध्यक्षज्यूले निर्णय गरे बमोजिम हुने।

ग) गाउँपालिका तर्फ विनियोजित अन्य सबै प्रकारका एकमुष्ट रुपमा रहेका अबण्डा रकम कार्यक्रमहरु खर्च गर्दा गाउँकार्यपालिकाको बैठकबाट निर्णय गरे बमोजिम हुने गरी खर्च गर्ने।

घ) वडा कार्यालयहरु तर्फ विनियोजित सबै प्रकारका एकमुष्ट (अबण्डा) रहेका कार्यक्रमहरु खर्च गर्दा सम्बन्धित वडा समितीको निर्णयानुसार वडा कार्यालयको सिफारिसमा गाउँकार्यपालिकाको बैठकबाट निर्णय गरे बमोजिम हुने गरी खर्च गर्ने।

ङ) माथि खण्ड (क) देखि (घ) उल्लेख भए देखि बाहेक सबै प्रकारका बजेट तथा कार्यक्रमहरु संशोधन वा अन्य शिर्षकमा समायोजन गर्दा वा अन्य जुनसुकै प्रकारले संशोधन गर्नुपर्दा गाउँसभाको बैठकबाट निर्णय भए बमोजिम मात्र हुने।

**निर्णय नं. ४१**

यस गाउँपालिकामा कार्यक्षेत्र गरी संस्थागत रुपमा कार्यक्रम संचालन गरीरहेका बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले आ व २०८१ ०८२ का लागि यस गाउँपालिकामा पेश गरेका बजेट तथा कार्यक्रमहरु कार्यान्वयनका लागि अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ४२**

गाउँपालिका अन्तंगत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुकालाई यातायात खर्च बापत प्रति महिना गाउँपालिकाबाट रु १ हजार प्रदान गर्ने र गाउँपालिकाबाट संचालित प्राथमिक अस्पतालमा औषधी बाहेकको सेवामा ५० प्रतिशत छुट दिने निर्णय गरियो।

**निर्णय नं. ४३**

गाउँपालिका अन्तंगत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुका, स्वास्थ्य संस्था, स्वास्थ्य कर्मीलाई कार्य सम्पादन,मूल्यांकनको आधारमा सम्मान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४४**

गाउँपालिका अन्तंगत संचालित बर्थिङ सेन्टरमा कार्यरत SBA तालिम प्राप्त नर्सिङ स्टाफहरुलाई कार्यसम्पादनका आधारमा थप प्रोत्साहनको व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं. ४५**

गाउँपालिकाबाट टेन्डर भएका गाईपाईले गुन्सा रैथाने गाउँपालिका सडक र चिन्डे जतन दुई वडा कार्यालय जोड्ने सडकलाई स्रोत व्यवस्था भएको अवस्थामा हिउँदे गाउँसभाबाट पुन टेन्डर गर्ने निर्णय गरियो।

**निर्णय नं. ४६**

बिभिन्न पत्रपत्रिकामा सन्देशमूलक सूचना एवं विज्ञापन लगायतका छपाई सम्बन्धी भुक्तानीका लागि पेश भएमा बिलमा रु ५ हजार सम्म प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशमा भुक्तानी गर्ने र सो भन्दा माथि बिलमा रु २० हजार सम्म अध्यक्षज्यूको तोक आदेश बमोजिम भुक्तानी हुने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४७**

आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा कार्यपालिका [illegible] रु. २० हजारमा नबढ्ने गरी निर्णय बमोजिम भुक्तानी गर्ने, रु २० हजार सम्म अध्यक्षज्यूको तोक आदेशमा भुक्तानी हुने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४८**

आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारबाट मासिक रु. ५ हजार पाउने क्यान्सर रोग, मृगौला प्रत्यारोपण डायलासिस र मेरुदण्ड पक्षघात जस्ता रोग लागेका व्यक्तिलाई गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम रु. ३० हजारमा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४९**

स्थानीय सरकार सचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जग्गाको रेखदेख एवं लगत राखी संरक्षण गर्ने जिम्मा स्थानीय सरकारको रहेको हुदा यस्ता जग्गाहरुमा घर, टहरा बनाई बसोबास गरेको वा व्यापार व्यवसाय गरी बसेका देखिएमा प्राविधिक मूल्याकन गराई सोही ऐन बमोजिम कार्यपालिका बैठकबाट निर्णय गराई तोकिए बमोजिमको रकम असुल उपर गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५०**

सार्वजनिक सरकारी जग्गा एवं भवन स्थानीय सरकार सन्चालन ऐन, २०७४ एवं अन्य कानुन विपरित नहुने गरी लिज एवं भाडामा लगाउन कार्यपालिकाले छुट्टै कार्यविधि बनाई प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५१**

यस गाउँपालिकामा ज्यालादारीमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई कार्यालय सहयोगी प्रथम वा सो सरहको तलब उपलब्ध गराउने र नियमानुसार चाडपर्व खर्च र पोशाक समेत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

१. टुक बहादुर खड्का (खाल्डे सूचना केन्द्र)
२. अनिश थापा (खाल्डे सूचना केन्द्र)
३. राम शरण धिताल (गाउँपालिका कार्यालय)
४. निर्मला भुजेल (गाउँपालिका कार्यालय)

**निर्णय नं. ५२**

गाउँपालिका, संघ, प्रदेश तथा अन्य निकायबाट पालिकाबाट कार्यन्वयन भई भुक्तानी हुने रु. २० लाख माथीका सबै योजनाहरु बोलपत्र आवहान गरेर मात्र कार्यन्वयन गर्ने र यस गाउँपालिका भित्र सचालन भई गाउँपालिकाले कार्यन्वयन गर्ने सबै खाले योजनाहरुमा १० प्रतिशत जनश्रमदान गर्नु

पर्ने र ३ प्रतिशत कन्टिजेन्सी कट्टी गर्ने । विपद्जन्य योजनाहरुमा कन्टिजेन्सी कट्टी गर्ने नगर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. ५३**

जिल्ला दररेटमा उल्लेख नभएको दररेट गाउँपालिकाबाट कार्यन्वयन गर्नुपर्ने भएमा गुम्बा, मठ मन्दिर, मूर्ति हरुमा गरिने आर्ट कला बौद्ध दर्शन प्रवद्धन तथा गुम्बा बिकास समिति , नेपाल ललितकला प्रज्ञपतिष्ठान लगायत नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट दररेट माग गरि कार्यन्वयन गर्न सकिने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं. ५४**

गाउँपालिकाको लेखा समितिमा देहाय बमोजिमका सदस्य रहने गरी समिति पुनंगठन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

तपशिल

१ देवराज गुरुङ - संयोजक
२ दिनेश देउजा - सदस्य
३ जगदिश श्रेष्ठ - सदस्य

**निर्णय नं. ५५**

गाउँपालिकाको मातहतमा रहेको चमेना गृहको धारा बत्ति बाहेक मासिक भाडा रु. १० हजार कायम गरी नियमानुसार सचालन गर्ने गराउने सर्वसम्मतले निर्णय गरियो । साथै गाउँपालिकाको मूल गेटमा पाले घर संगै रहेको एक कोठाको धारा बत्ति बाहेक मासिक भाडा रु. २ हजार कायम गरी नियमानुसार सचालन गर्ने गराउने सर्वसम्मतले निर्णय गरियो ।

निर्णय नं. ५६
पाँचपोखरी थाङपाल गाउँपालिकाको कुल क्षेत्रफल ... वडा नं. ... देखि वडा नं. ... सम्मका वडा क्षेत्रफल र गाउँपालिकाको कुल क्षेत्रफल कायम गराउन आवश्यक पहल गर्ने ... गाउँपालिकाको ... विश्लेषण तथा रणनीतिक कार्ययोजनामा समावेश गर्ने सर्वसम्मत निर्णय गरियो ।
निर्णय नं. ५६
पाँचपोखरी थाङपाल गाउँपालिकाले स्वीकृत गरेको अनुसूची ४ बमोजिमको कर्मचारीको संगठनात्मक संरचना (O and M) लाई गाउँसभाले सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

## २७. आर्थिक ऐन, २०८०

### अनुसूचि १
### सिफारिस शुल्क

**प्रस्तावना:** पाँचपोखरी थाङपाल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पाँचपोखरी थाङपाल गाउँपालिकाकोगाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन,२०८०" रहेको छ ।
(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि पाँचपोखरी थाङपाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि १३ बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुन बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि ८ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि ६ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूचि ७ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सडक मर्मत तथा सभार बापतको दस्तुर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ३ मा बमोजिम सडक मर्मत तथा सभार बापतको दस्तुर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ११ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि १० बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ६ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **प्याराग्लाइडिङ रक क्लाइम्बिङ ट्रेकिङग, कायोकिङ, क्यानोइङग, बन्जी जम्पिङग, जिपफ्लायर र र्‍याफ्टीङग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्याराग्लाइडिङ रक क्लाइम्बिङ ट्रेकिङग, कायोकिङ, क्यानोइङग, बन्जी जम्पिङग, जिपफ्लायर र र्‍याफ्टीङग सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूचि ९ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **अन्य कर सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि १, २, ३, ४, ५, १४, १५, १६, १७, १८ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार अन्य कर सेवा शुल्क, दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची ... मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर कर संकलन गर्ने क्रममा वा संकलन गरिएका कर रकम ... हुन हुँदा भई तोकी ... भएको प्रमाणित ... संकलन ... समितिको सिफारिसको आधारमा गाउँसभाले मिनाहा दिन सक्नेछ ।



CS CamScanner